# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल पुष महिना ४ गते विहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : त्रिपुरेश्वर शाखा**

**क) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **सिता साडि फेशन** प्रोप्राइटरको नाम : फमा देवी लुइटेल र.प.नं. : १३८१६४/०७४/०७५
दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग दर्ता मिति : २०७४/०७/२१
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ स्थायी लेखा नं. : ६०७२२२२०३

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) भक्ती प्रसाद चापागाईको छोरी स्व.टंक प्रसाद लुइटेलको बुहारी चण्डी राज लुइटेलको पत्नी झापा जिल्ला लखनपुर गा.वि.स. वडा नं. १ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने **फमा देवी लुइटेल** (ना.प्र.नं. : २३७१५ जारी मिति र जिल्ला : २०६२/१२/०१, झापा)

२) हिरा लालको नाति स्व. टंक प्रसाद लुइटेलको छोरा झापा जिल्ला लखनपुर गा.वि.स. वडा नं. १ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने **चण्डी राज लुइटेल** (ना.प्र.नं. : ८२८१ जारी मिति र जिल्ला : २०५६/०८/०१, झापा )

**ख) कर्जा शिर्षक : आवाश कर्जा**

**ऋणीको विवरण**

हिरा लालको नाति स्व. टंक प्रसाद लुइटेलको छोरा झापा जिल्ला लखनपुर गा.वि.स. वडा नं. १ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने **चण्डी राज लुइटेल** (ना.प्र.नं. : ८२८१ जारी मिति र जिल्ला : २०५६/०८/०१, झापा)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

भक्ती प्रसाद चापागाईको छोरी स्व.टंक प्रसाद लुइटेलको बुहारी चण्डी राज लुइटेलको पत्नी झापा जिल्ला लखनपुर गा.वि.स. वडा नं. १ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२ बस्ने **फमा देवी लुइटेल** (ना.प्र.नं. : २३७१५ जारी मिति र जिल्ला : २०६२/१२/०१, झापा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०४/१८ को नागरिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| फमा देवी लुइटेल | भक्तपुर जिल्ला सुडाल वडा नं. ४ | ४क | १०२७ | ०-४-१-० |
| | काठमाडौं जिल्ला सुनटोल वडा नं. ८ | ८ग | ८९४ | ०-५-३-३ |
| | | ८ग | ८९५ | ०-३-१-३ |

**२) शाखा कार्यालय : आदमघाट शाखा** **कर्जा शिर्षक : साना व्यक्तिगत कर्जा**

**ऋणीको विवरण**

टिका गिरीको नाति पदम गिरीको छोरा धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **भरत गिरी** (ना.प्र.नं. : २६४३५०७ जारी मिति र जिल्ला : २०५८/०४/११, धादिङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बाबुराम खड्काको छोरी पदम गिरीको बुहारी भरत गिरीको पत्नी धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **सरिता गिरी** (ना.प्र.नं. : २६१/४४९९७ जारी मिति र जिल्ला : २०६८/०१/२५, धादिङ्ग)

२) टिका गिरीको नाति बाल गिरीको छोरा धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **भगवान गिरी** (ना.प्र.नं. : २६१/१४६४२ जारी मिति र जिल्ला : २०६४/०१/२६, धादिङ्ग)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८०/११/१० को नेपाल समाचारपत्र दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| भरत गिरी | धादिङ्ग जिल्ला कुम्पुर वडा नं. ७ | ७क | १३६७ | ०–५-०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/०९/२४ गते बुधबार भित्र ऋणी सिता साडि फेशनको हकमा यस बैंकको शाखा कार्यालय त्रिपुरेश्वर तथा ऋणी भरत गिरीको हकमा यस बैंकको शाखा कार्यालय आदमघाट आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) प्राप्त बोलपत्रहरु मिति २०८१/०९/२५ गते विहीबार अर्थात २२ औ दिन दिउसो ३:०० बजे ऋणी सिता साडि फेशनको हकमा यस बैंकको शाखा कार्यालय त्रिपुरेश्वरमा तथा ऋणी भरत गिरीको हकमा यस बैंकको शाखा कार्यालय आदमघाटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।


"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**